राष्ट्रिय एकता, लोकतन्त्र र कांग्रेसको भविष्यका लागि

एकता-सद्भाव विमर्श : २०८३ साउन,२०

देश र कांग्रेस जोडने अभियानको

" राष्ट्रिय संकल्प "

राष्ट्र पहिले ,लोकतन्त्र सर्वोपरि ,कांग्रेस त्यसको भरोसा

प्रिय साथीहरू,

आज हामी कुनै औपचारिक कार्यक्रमका लागि भेला भएका होइनौं। हामी इतिहाससँग संवाद गर्न, वर्तमानलाई आत्मसमीक्षा गर्न र भविष्यसँग एउटा गम्भीर संकल्प गर्न यहाँ उभिएका छौं।

आजको यो सभा कुनै व्यक्तिको होइन, कुनै समूहको होइन। यो नेपाली कांग्रेसको आत्माको आवाज हो। यो लोकतन्त्रप्रति आस्था राख्ने लाखौँ नेपालीको मौन अपेक्षाको अभिव्यक्ति हो।
बी.पी. कोइरालाले भन्नुभएको थियो—

“कांग्रेस एउटा ठूलो परिवार हो।”
परिवारको अर्थ एउटै विचार हुनु होइन; फरक विचारका बीच पनि एउटै विश्वास जीवित रहनु हो। परिवारको अर्थ सबैले एउटै बाटो हिँड्नु होइन; कठिन मोडमा पनि एकअर्काको हात नछोड्नु हो।
यही संस्कारले नेपाली कांग्रेसलाई एउटा दलभन्दा ठूलो संस्था बनाएको थियो।
यही संस्कारले जेललाई विश्वविद्यालय बनायो। यही संस्कारले निर्वासनलाई संघर्षमा रूपान्तरण गऱ्यो।यही संस्कारले नेपाली जनताको मनमा कांग्रेसलाई केवल पार्टी होइन, लोकतन्त्रको चौतारी बनायो।
तर आज हामी आफैँसँग एउटा इमानदार प्रश्न गर्नुपर्ने बेला आएको छ:
के त्यो चौतारी आज पनि सबैका लागि खुला छ?
के हाम्रो व्यवहारले बी.पी.को विश्वासलाई सम्मान गरिरहेको छ?
के हामी इतिहासले सुम्पिएको जिम्मेवारी निभाइरहेका छौं?
साथीहरू,

इतिहासको सबैभन्दा ठूलो शिक्षा यही हो ,कांग्रेसले बाहिरका चुनौतीभन्दा धेरै चोटि आफ्नै कमजोरीबाट बढी क्षति बेहोरेको छ।

जब-जब कांग्रेस विभाजित भयो, लोकतन्त्र कमजोर भयो। जब-जब कांग्रेस एकताबद्ध भयो, राष्ट्रले नयाँ आशा पायो। त्यसैले आजको हाम्रो चिन्ता कुनै गुटको होइन।

आजको हाम्रो चिन्ता राष्ट्रको हो।किनकि नेपाली कांग्रेस कमजोर हुँदा प्रतिपक्ष मात्र कमजोर हुँदैन, लोकतन्त्रको ढुकढुकी नै कमजोर हुन्छ।

बी.पी. कोइरालाले २०३३ सालमा राष्ट्रिय मेलमिलापको नीति लिएर स्वदेश फर्किंदा उहाँलाई थाहा थियो- कारागार पर्खिरहेको छ, सत्ता होइन। तर उहाँ फर्किनुभयो। किनभने उहाँको विश्वास थियो- राष्ट्रको भविष्य व्यक्तिगत राजनीतिक भविष्यभन्दा ठूलो हुन्छ।

त्यो निर्णयले हामीलाई एउटा अमूल्य पाठ सिकायो,संकटका बेला महान् नेता प्रतिशोध रोज्दैन; जिम्मेवारी रोज्छ।

आज फेरि हामी त्यही मोडमा उभिएका छौं।

हामीले अहंकार रोज्ने कि आत्मसंयम?

आरोप रोज्ने कि संवाद? विभाजन रोज्ने कि मेलमिलाप? यो निर्णय केवल कांग्रेसको भविष्यको निर्णय होइन; नेपालको लोकतान्त्रिक यात्राको निर्णय पनि हो।

आज देशले हामीलाई अर्को प्रश्न पनि सोधिरहेको छ।युवा किन विदेशिन बाध्य छन्?

किसान किन निराश छन्? शिक्षित पुस्ताले आफ्नै देशमा भविष्य किन देख्न छोडेको छ?

भ्रष्टाचारले किन इमानदार नागरिकलाई निरुत्साहित गरिरहेको छ? यी प्रश्नको उत्तर गुटबन्दीमा छैन।यी प्रश्नको उत्तर पदको दौडमा छैन। यी प्रश्नको उत्तर एकताबद्ध, विचारवान् र जनउत्तरदायी कांग्रेसमा छ।

आदरणीय मित्रहरु,

इतिहास हामीहरुले पढ्ने विषय मात्र होइन; इतिहास अब लेख्ने जिम्मेवारी हाम्रो हो हामीले निराशा होइन, सम्भावना दिनुपर्छ। नारा होइन, अवसर दिनुपर्छ। स्थान होइन, भूमिका दिनुपर्छ। किनकि युवा नेतृत्वविना कांग्रेसको भविष्य छैन, र युवाको विश्वासविना नेपालको भविष्य पनि छैन। आज हामी नेतृत्वसमक्ष पनि विनम्र आग्रह गर्दछौं, हामी सबै एउटै वृक्षका हाँगा हौं। हाँगाबीच दूरी हुन सक्छ, तर जरा एउटै हुन्छ। हाम्रो जरा बी.पी. हुन्। हाम्रो जरा लोकतन्त्र हो।

हाम्रो जरा नेपाली जनताको विश्वास हो। यदि यही जरा सुक्यो भने कसैले पनि हरियाली बचाउन सक्दैन।

त्यसैले आजको आवश्यकता कसैको विजयको मात्र होइन।आजको आवश्यकता विश्वासको पुनर्जन्म हो। आजको आवश्यकता संवादको पुनःस्थापना हो। आजको आवश्यकता कांग्रेसलाई फेरि जनताको आशाको केन्द्र बनाउनु हो। हामी प्रतिपक्षमा छौँ। तर प्रतिपक्ष हुनु भनेको केवल विरोध गर्नु होइन। प्रतिपक्ष भनेको सरकारलाई प्रश्न गर्ने साहस, राष्ट्रलाई समाधान दिने क्षमता र जनताको आवाज बन्ने जिम्मेवारी हो। हामी प्रतिशोधको राजनीति होइन, उत्तरदायित्वको राजनीति गर्न चाहन्छौँ। हामी अस्थिरता होइन, विश्वास निर्माण गर्न चाहन्छौँ। हामी विभाजन होइन, भविष्य निर्माण गर्न चाहन्छौँ। त्यसैले आज, यस ऐतिहासिक विमर्शबाट हामी एउटा सामूहिक संकल्प गर्दछौं: हामी कांग्रेस फुट्न दिने छैनौं। हामी लोकतन्त्र कमजोर हुन दिने छैनौं। हामी युवाको आशा मर्न दिने छैनौं। हामी जनताको विश्वास टुट्न दिने छैनौं। हामी संवाद गर्नेछौं। हामी सुन्नेछौं। हामी मिल्नेछौं।हामी व्यक्तिभन्दा विचारलाई ठूलो मान्नेछौँ ।विचारभन्दा संगठनलाई बलियो बनाउनेछौँ।

संगठनभन्दा माथि राष्ट्रहितलाई राख्नेछौँ। र अन्त्यमा,

यदि आज बी.पी. कोइराला यही सभामा उपस्थित हुनुहुन्थ्यो भने, उहाँले सायद हामीलाई यति मात्र भन्नुहुन्थ्यो-

“तिमीहरू को नेतृत्व गर्ने भन्ने होइन, देशलाई कसरी नेतृत्व दिने भन्ने सोच। तिमीहरू को जित्ने भन्ने होइन, लोकतन्त्र कसरी जिताउने भन्ने निर्णय गर।”

त्यसैले आउनुहोस्,

हामी गुट होइन, पुस्ता जोडौँ। हामी विवाद होइन, विश्वास जोडौँ। हामी कांग्रेस मात्र होइन, देश जोडौँ। किनकि,

एकताबद्ध कांग्रेस केवल एउटा राजनीतिक आवश्यकता होइन; यो नेपालको लोकतान्त्रिक भविष्यको अनिवार्य आधार हो।

जय नेपाल।

जय लोकतन्त्र।

एकता नै शक्ति, कांग्रेस नै भविष्य